# Prestige Directory



## समाजिक एकता, हाम्रो दायित्व

# Prestige Events Pvt. Ltd.

Yangal, Ward No.21, Kathmandu Municipality, Nepal.
Contact: 9808463501, Email: prestigeevents.np@gmail.com

समाजिक एकता, हाम्रो दायित्व

# Prestige Events Pvt. Ltd.

Yangal, Ward No.21, kathmandu municipality, Nepal.
Contact: 9808463501, Email: prestigeevents.np@gmail.com

मिति : २०८२/.....

श्री .........................
..............................
..............................

बिषय :- सहयोग गरिदिनुहुन ।

प्रस्तुत विषयमा यस प्रेस्टीज इभेन्टस् प्रा.लि.काठमाडौंले काठमाडौं उपत्यकामा बसोवास गर्दै आईरहेको मारवाडी समुदाय बीच भाइचारा अभिबृद्धि गर्दै पारिवारिक विवरण संकलन गर्ने उदेश्य लिई समुदायमा रहेका संम्पूर्ण सदस्यहरुको पारिवारिक विवरण वासस्थान, ठेगाना व्यवसायिक उदेश्य तथा ठेगाना, संम्पर्क नम्बर लगायतका विवरण संकनलगारि एक गुणस्तरिय भरपर्दो तथा व्यवस्थित डाइरेक्टरी प्रकाशन गर्न गईरहेको यहाँहरु समक्ष विनम्र निवेदन गर्दछौं ।

डाइरेक्टरी केवल नाम र संम्पर्क नम्बरको सूचाङक मात्र नभई मारवाडी समुदाय बिचको एकअर्काका पूरक सूचाङक भएको महशुस गर्दै समुदाय भित्रका हजारौं संख्यामा रहेका सदस्य एक संजालमा बलियो रुपमा रहने संकेत पनि रहेको छ । यसलाई सुव्यवस्थित ढगंबाट परिचालित हुन र परिचालित गर्न तपाई हाम्रो साझा दायित्व ठानी प्रेस्टीज ईभेन्टस् प्रा.लि.ले यो जिम्मेवारीको दायित्व निर्वाह गर्न तपाईहरु समक्ष प्रस्तुत भएका छौं । यसको उदेश्य सामाजिक तथा भावनात्मक एकतालाई मजबुत बनाउन आजको मूल कर्तब्य हो ।

प्रकाशन हुने डाइरेक्टरी समुदायका संम्पूर्ण सदस्यहरुलाई वितरण गरिनेछ । साथै, संस्थागत रुपमा उपलब्ध गराइने छ । यसरी प्रकाशन हुन गइरहेको डाइरेक्टरीको लागि यहाँ तथा यहाँहरुको संस्थाबाट आवश्यक बिवरण उपलब्ध गराई हाम्रो यो प्रथम प्रयासलाई सफल बनाउन आवश्यक संम्पूर्ण सहयोगका लागि निवेदन गर्दछौं ।

................
मदनलाल अग्रवाल
अध्यक्ष
९८५१०२३८०७

## डाइरेक्टरी सम्बन्धमा

डाइरेक्टरी (Directory) भन्नाले कुनै खास व्यक्तिहरू, संस्थाहरू, व्यवसायहरू, वा संम्पर्क विवरणहरूको सूचीलाई व्यवस्थित र क्रमबद्ध रूपमा सङ्कलन गरिएको अभिलेख पुस्तिका वा डिजिटल संग्रहलाई बुझिन्छ । यसको मुख्य उद्देश्य भन्नाले प्रयोगकर्ताहरूलाई सजिलै र छिटै आफूलाई चाहिएको जानकारी, जस्तैः नाम, ठेगाना, फोन नम्बर, इमेल वा व्यवसायको प्रकार पत्ता लगाउन सहयोग गर्नु हो । यो जानकारी सामान्यतया वर्णानुक्रम (Alphabetical Order), विषयगत श्रेणी (Categorical Order) अनुसार मिलाइएको हुन्छ ।
डाइरेक्टरीको महत्व यसको सन्दर्भित र संगठित जानकारी प्रदान गर्ने क्षमतामा निहित छ । उदाहरणका लागि, प्रेस्टीज इभेन्टस् प्रा.लि.ले प्रकाशन गर्ने गइरहेको डाइरेक्टरीले काठमाडौं उपत्यका भित्र बसोवास गर्ने सबै सदस्यहरूलाई एकअर्काको व्यवसाय र सम्पर्कहरू बारे जान्न मद्दत गर्छ, जसले गर्दा आपसी समन्वय र व्यावसायिक साझेदारी बढाउन सहज हुन्छ । यसले एक सन्जाल (Network) को रूपमा कार्य गर्दछ र कुनै पनि समूह वा समुदायभित्र आवश्यक जानकारीको पहुँचलाई लोकतान्त्रिक बनाउँछ । चाहे त्यो छापिएको किताब होस् वा डिजिटल डेटाबेस, एक प्रभावकारी डाइरेक्टरीले समयको बचत गर्नुका साथै सूचनाको खोजी प्रक्रियालाई विश्वसनीय र सरल बनाउँछ ।

## डाइरेक्टरी निमार्ण गर्नुको उदेश्यहरु

भाइचारा अभिबृद्धि गर्दै मारवाडी समुदायका सदस्यहरुको व्यापार/व्यवसाय, र सम्पर्क विवरणहरू समेटी एक गुणस्तरीय, भरपर्दो र व्यवस्थित डाइरेक्टरी निर्माण गर्नु यस सेवाको मुख्य उद्देश्य हो । यो डाइरेक्टरी केवल नाम र नम्बरहरूको सङ्ग्रह मात्र नभई, सम्पूर्ण समुदायलाई एक बलियो सामाजिक र व्यावसायिक सञ्जाल (Network) मा जोड्ने एक जीवन्त पुल हो । सदस्यहरूले सजिलै एकअर्काको सेवा र उत्पादनबारे जानकारी प्राप्त गर्न सक्नेछन्, जसले गर्दा समुदायभित्रै व्यापारिक अवसरहरूको पहिचान र उपभोग सहज हुनेछ ।

यस डाइरेक्टरीको निर्माणको अर्को महत्वपूर्ण उद्देश्य भनेको सामाजिक र भावनात्मक एकता (Social and Emotional Unity) लाई मजबुत बनाउनु हो । समुदायका सदस्यहरूको अद्यावधिक र प्रमाणित संम्पर्क विवरणहरू एकै ठाउँमा उपलब्ध हुँदा, मारवाडी समुदायले आयोजना गर्ने कुनैपनि सामाजिक कार्यक्रम, बैठक वा आपतकालीन जानकारी तत्कालै सबै सदस्यसमक्ष पुऱ्याउन सकिन्छ । यसले गर्दा समुदायका ज्येष्ठ सदस्य, नयाँ व्यवसायी वा टाढा रहेका सदस्यहरूलाई पनि आफू सधैं एकआपसमा जोडिएको महसुस गराउँछ । डाइरेक्टरीको गुणस्तर र भरपर्दोपन कायम राख्नका लागि हरेक सदस्यको विवरणलाई सावधानीपूर्वक प्रमाणीकरण गरिनेछ, जसले गर्दा यसको उपयोगिता र विश्वसनीयता दीर्घकालसम्म कायम रहन सकिनेछ । व्यवस्थित वर्गीकरण (उदाहरणका लागि, उद्योग, खुद्रा व्यापार, वित्तीय सेवा आदि) मार्फत सदस्यहरूलाई उनीहरूको रुचि वा आवश्यकताअनुसारको जानकारी तत्काल प्राप्त गर्न मद्दत पुग्छ, जसले डाइरेक्टरीलाई सूचनाको एक अमूल्य स्रोत बनाउनेछ ।

अन्ततः, यो डाइरेक्टरी निर्माणको उद्देश्य सहकार्यको संस्कृति (Culture of Collaboration) स्थापना गर्नु हो । यसले युवा उद्यमीहरूलाई स्थापित व्यवसायीहरूसँग सम्पर्क जोड्ने र मार्गदर्शन प्राप्त गर्ने अवसर प्रदान गर्छ । डाइरेक्टरीले मारवाडी समुदायको परिचयलाई अझ सशक्त र संगठित रूपमा प्रस्तुत गर्न मद्दत गर्छ, जसले गर्दा समुदायले देशको बृहत् अर्थतन्त्र र सामाजिक क्षेत्रमा थप प्रभावकारी भूमिका खेल्न सक्छ । यो परियोजना समुदायका लागि एक बलियो सम्पर्क ग्रिड (Contact Grid) र भविष्यमा हुने सम्पूर्ण प्रगति र पहलहरूको आधारभूत दस्तावेज बन्ने अपेक्षा गरिएको छ ।

## कस्तो बन्दैछ डाइरेक्टरी

हामीले प्रकाशन गर्ने डाइरेक्टरीमा काठमाडौं उपत्यका भित्र बसोबास गरेका मारवाडी समुदायको तथ्याङक पहिलो चरणमा निकालिने छ । हामीले बनाउँने नयाँ डाइरेक्टरीमा काठमाडौमा रहने झण्डै ६ हजार परिवारको विवरण पहिलो चरणमा समाबेश गरिने छ। पछि नयाँ सहमति गरेर देशभरका मारवाडी समुदायको तथ्याङक समेत खोजिने छ। यो तथ्याङक हामीले डाइरेक्टरीमा शिलशिलाबद्ध रुपमा खोजी गरेर राख्ने छौं । यसरी राखिएको तथ्याङकमा  मुख्य सदस्यको फोटो राखेर अन्य सदस्यको नाम राखिने छ। साथै, सो फोटो तल पेशा ब्यावसायको संस्थाको नाम, इमेल ठेगाना लगायतका कुरा राखिने छ। विवाह गरेर अन्यत्र गएका छोरी चेलीको विवरण यसमा समावेश गरिने छैन्।

प्रकाशन गरिने डाइरेक्टरीमा परिवारको सदस्यको विवरण समावेश हुने छ । यस हिसावले डाइरेक्टरी झण्डै १ हजार पेज माथिको हुनेछ। यस डाइरेक्टरीको अगाडि संस्थाको परिचय र समुदायको बारेमा लेख तथा कृतिको जानकारी गराईने छ।

## आर्थिक स्रोत

विज्ञापन संकलन गरी डाइरेक्टरी प्रकाशन गर्ने मुल उदेश्यका साथ यो कदम अगाडि बढाइएको छ। विज्ञापन संकलन गर्नु आर्थिक रुपमा टिकाउने तथा विज्ञापनदातालाई प्रभावकारी मार्केटिङ प्लेटफर्म दिनु हो। जुन कुरा यस प्रा.लि.ले प्रकाशन गर्ने डाइरेक्टरीको सवल पक्ष हो र यो एतिहासिक दस्तावेज पनि हो। यसमा आफ्नो बस्तु तथा सेवाको बारेमा प्रचार प्रसार गर्नु आफैमा ठूलो उपलबधी हो । तसर्थ, यस कार्यमा विज्ञापनलाई अति महत्वपूर्ण मानी व्यावसायिक विज्ञापनका लागि हार्दिक अनुरोध गरेका छौं ।

# धन्यवाद

PRESTIGE EVENTS
Estd. 2025

Contact
Yangal, Ward No.21, Kathmandu Municipality, Nepal.
Contact: 9808463501, Email: prestigeevents.np@gmail.com